Vangmaya
Vol. 21, No. 1: 131-142, December 2024
Central Department of Nepali, Kirtipur DOI: https://doi.org/10.3126/vangmaya.v21i1.74246

# *सुलोचना* महाकाव्यमा ईश्वरचिन्तन

उपप्रा. लेखराज खतिवडा (विद्यावारिधि)

## लेखसार

*प्रस्तुत लेख महाकाव्यकार लक्ष्मीप्रसाद देवकोटाले रचना गरेको 'सुलोचना' महाकाव्यमा अभिव्यक्त ईश्वरचिन्तनको खोजी गर्ने कार्यमा केन्द्रित छ । प्रस्तुत महाकाव्यमा ईश्वरसम्बन्धी के कस्तो चिन्तन व्यक्त भएको छ र त्यसलाई कृतिमा कसरी व्यक्त गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्ने प्रयत्न यसमा गरिएको छ । विश्व-ब्रह्माण्डको सृष्टि गर्ने, पालन गर्ने वा नियन्त्रण गर्ने र विनाश गर्ने जुन परमशक्ति छ त्यो नै ईश्वर हो भनिएको छ र ईश्वरको अस्तित्व छ भनी मान्ने धारणा नै ईश्वरचिन्तन हो । प्रस्तुत महाकाव्यमा ईश्वरलाई सृष्टिकर्ता, पालनकर्ता तथा शान्ति तथा अभयदाताका रूपमा उभ्याइएको छ । ईश्वरसम्बन्धी चिन्तन व्यक्त गर्न प्रस्तुत महाकाव्यमा सोहीअनुसार कथानकविन्यास गरिएको छ भने यसका मुख्य नायक तथा नायिकालाई ईश्वरकै भक्तिमा तल्लीन रहने सच्चा ईश्वरभक्तका रूपमा उपस्थित गराइएको छ । त्यसैगरी प्रस्तुत महाकाव्यमा भेटिने परिवेशविन्यास पनि ईश्वरचिन्तनको अभिव्यक्तिका लागि उपयुक्त रहेको देखिन्छ । सामाजिक एवम् पारिवारिक कारणले गर्दा एकअर्कासँग विवाह गर्न नपाएपछि मानसिक रूपमा विक्षिप्त जस्तै बनेका प्रस्तुत उपन्यासका नायक-नायिका मनको शान्तिका साथै भयबाट मुक्ति पाउनका लागि ईश्वरभक्तिमा लागेका देखिन्छन् । यसरी प्रस्तुत महाकाव्यमा यस सृष्टिको सृजना गर्ने, पालन गर्ने र विनाशसमेत गर्ने परमशक्ति नै ईश्वर हो भन्ने चिन्तन व्यक्त गरिएको छ र यस किसिमको चिन्तन व्यक्त गर्नका लागि सोहीअनुरूपको कथानकविन्यास, पात्रीय ढाँचा र परिवेशविन्यासको ढाँचा अँगालिएको छ । यिनै कथानक, पात्र र परिवेशका आधारमा महाकाव्यमा ईश्वरचिन्तनको बीज स्थापना गरिएकाले यसमा मूलतः व्याख्यात्मक विधि अँगालिएको छ । ईश्वरसम्बन्धी विषयको व्याख्या गर्दा 'सुलोचना' ईश्वरचिन्तनको अभिव्यक्तिका दृष्टिले प्रभावशाली महाकाव्य हो भन्ने तथ्य निष्कर्षित भएको छ ।*

**शब्दकुञ्जी :** अस्तित्व, ईश्वर, मोक्षदाता, शान्ति, संहार, सृष्टिकर्ता ।

## १. विषयपरिचय

प्रस्तुत लेख महाकाव्यकार लक्ष्मीप्रसाद देवकोटाले रचना गरेको *सुलोचना* महाकाव्यमा फेला पर्ने ईश्वरसम्बन्धी चिन्तनको अध्ययन एवम् विश्लेषणमा केन्द्रित छ। *सुलोचना* महाकवि देवकोटाले २००३ सालमा प्रकाशन गरेको महाकाव्य हो । सामाजिक विषयवस्तुमा रचिएको, मङ्गलाचरण, विभिन्न १५ सर्गमा कथानकको विकास, छन्दप्रयोगको विविधता, बिम्ब एवम् प्रतीकको कलात्मक विधान र जीवनका बृहत् आयामको चित्रण गरिएकाले *सुलोचना* महाकाव्यकृतिका रूपमा देखा पर्छ । ईश्वरप्रति गहिरो आस्था राख्दै काव्यकृतिको रचना गर्न सिपालु मानिने महाकाव्यकार देवकोटाले प्रस्तुत महाकाव्यमा आफ्नो ईश्वरप्रतिको दृष्टिकोण प्रस्ट रूपमा व्यक्त गरेको पाइन्छ । प्रस्तुत महाकाव्यमा देवकोटाले यसका कथानक, पात्र एवम् परिवेशका माध्यमबाट ईश्वरसम्बन्धी चिन्तन व्यक्त गरेका छन् । सम्पूर्ण विश्वब्रह्माण्ड वा सृष्टिका रचयिता, पालनकर्ता एवम् नियन्त्रणकर्ता र विनाशकर्ताका रूपमा मानिएको परम पुरुष वा परमात्मा नै ईश्वर हो र त्यही ईश्वरको अस्तित्वका बारेमा अभिव्यक्त विचार नै ईश्वरीय चिन्तन हो । यही ईश्वरीय चिन्तन नै देवकोटाको प्रस्तुत *सुलोचना* महाकाव्यका कथानकविन्यास, पात्रीय ढाँचा र परिवेशविन्यासमार्फत व्यक्त गरिएको छ ।

प्रस्तुत महाकाव्यमा अभिव्यक्त ईश्वरचिन्तनबारे पूर्वाध्ययनहरूमा पनि प्रस्ट रूपमा सङ्केत गरिएकै पाइन्छ तथापि तिनमा ईश्वरीय चिन्तनकै कोणबाट प्रस्तुत महाकाव्यको घनीभूत अध्ययन एवम् विश्लेषण गरिएको भेटिँदैन । त्यसैले प्रस्तुत महाकाव्यमा ईश्वरसम्बन्धी के कस्तो धारणा अभिव्यक्त भएको छ र त्यसलाई कसरी व्यक्त गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधानका लागि यस लेखमा मूलतः व्याख्यात्मक विधि अँगालिएको छ । त्यसैले यो लेख *सुलोचना* महाकाव्यमा फेला पर्ने ईश्वरचिन्तनको खोजीमा केन्द्रित रहेको छ ।

## २. अध्ययनविधि

महाकाव्यकार देवकोटाले रचना गरेको *सुलोचना* महाकाव्यमा व्यक्त भएको ईश्वरसम्बन्धी चिन्तनको खोजीमा केन्द्रित रहेको यस लेखलाई अनुसन्धानमूलक बनाउनका निम्ति निश्चित सामग्रीसङ्कलन तथा अध्ययनविधिको उपयोग गरिएको छ । यस लेखमा अवलम्बन गरिएका सामग्रीसङ्कलन र सङ्कलित सामग्रीको विश्लेषणविधि यस प्रकार छ :

प्रस्तुत अनुसन्धानका लागि सङ्कलित सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका छन् । महाकाव्यकार देवकोटाले रचना गरेको *सुलोचना* महाकाव्य नै यस अनुसन्धानका लागि प्राथमिक सामग्रीका रूपमा रहेको छ । त्यसै गरी *सुलोचना* महाकाव्यमा व्यक्त भएको ईश्वरचिन्तनसम्बन्धी अध्ययन गरिएका पुस्तकहरूका साथै ईश्वरसम्बन्धी चिन्तनको अभिव्यक्ति पाइने ग्रन्थहरू नै यस अनुसन्धानका लागि द्वितीयक सामग्रीका रूपमा रहेका छन् । यस अनुसन्धानका लागि आवश्यक यी दुवै प्रकारका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । प्रस्तुत अध्ययन महाकाव्यकार देवकोटाद्वारा रचित *सुलोचना* महाकाव्यमा अभिव्यक्त ईश्वरसम्बन्धी चिन्तनको खोजीमा केन्द्रित छ । यसमा सङ्कलित सामग्रीको विश्लेषण निगमनात्मक पद्धतिमा आधारित छ । यसमा *सुलोचना* महाकाव्यमा व्यक्त भएको ईश्वरचिन्तनको खोजी गरेर त्यसको व्याख्यासमेत गरिएकाले यसमा मूलतः व्याख्यात्मक विधि अँगालिएको छ । यसमा *सुलोचना* महाकाव्यमा ईश्वरसम्बन्धी विषय कसरी व्यक्त भएको छ भनी खोजी गरिएकाले यसमा अँगालिएको विधि विषय विश्लेषणात्मक प्रकृतिको छ ।

## ३. सैद्धान्तिक आधार

'ईश्वर' तत्सम स्रोतको नेपाली शब्द हो । 'ईश' शब्दका पछाडि 'वरच्' प्रत्यय गाँसिएर 'ईश्वर' शब्द बनेको छ । 'ईश' शब्दको अर्थ 'प्रभु, स्वामी तथा नियन्त्रण गर्ने' हुन्छ भने 'वर' को अर्थ 'सर्वोपरि' भन्ने हुन्छ । यसरी ईश्वर भनेको सम्पूर्ण विश्व-ब्रह्माण्ड वा सृष्टिलाई बनाउने, बिगार्ने र तिनको नियन्त्रण तथा शासन गर्ने भनी मानिएको परम पुरुष वा परमात्माका रूपमा पुजिने सर्वप्रधान सत्ता हो भन्ने दोखिन्छ । ईश्वरका लागि ईश, भगवान्, परमात्मा, प्रभु, परम पुरुष, स्वामी आदि जस्ता पर्यायवाची शब्दहरू प्रचलनमा रहेका छन् । ईश्वरका सम्बन्धमा मानवसभ्यताको प्रारम्भसँगै विचार विमर्श हुँदै आएको पाइन्छ । हिन्दु धर्मअनुसार ईश, ईश्वर र परमेश्वर एउटै शक्तिको नाम हो । यस धर्ममा ईश्वर नै त्यस्तो परम शक्ति हो जसबाट समस्त संसार वा सृष्टिको रचना भएको हो भनी चर्चा गरिएको पाइन्छ ।

संसारमा प्रचलित विभिन्न धर्ममा ईश्वरबारे अलग अलग धारणा एवम् मान्यता फेला पर्छन् । यद्यपि सबै धर्ममा ईश्वरलाई एउटा सर्वोच्च शक्ति, सृष्टिकर्ता र नियन्ताका रूपमा मान्ने गरिएको छ । ईश्वरलाई बुझ्न जति कठिन छ त्यति नै कठिन परिभाषित गर्न पनि छ । हिन्दु धर्ममा मूलतः ब्रह्मा, विष्णु र महेशलाई ईश्वर मान्ने गरिएको छ । यिनै त्रिमूर्ति नै हिन्दुहरूका प्रमुख आराध्य देव हुन् । यद्यपि हिन्दुहरूमा राम, कृष्ण, बुद्ध आदिलाई पनि आफ्ना आराध्य देव मान्दै तिनको आराधना गर्नेहरूको समुदाय पनि निकै ठुलो देखिन्छ तथापि यिनलाई त्रिमूर्तिमध्येका एक विष्णु भगवान्कै अवतार मान्ने गरिएको छ । त्यसैले हिन्दु धर्ममा भगवान् वा ईश्वर भनेर मूलतः त्रिमूर्ति नै पुजिने गरेका छन् । इस्लाम

धर्ममा अल्लाहलाई नै एक मात्र सृष्टिकर्ता अर्थात् ईश्वर मान्ने गरिएको पाइन्छ भने इसाई धर्ममा ईश्वरलाई पिता, पुत्र र पवित्र आत्माका रूपमा मान्ने गरिएको छ । यद्यपि संसारभरका इसाई धर्मावलम्बीहरू जिसस क्राइस्टलाई ईश्वरका रूपमा पुज्ने गर्दछन् ।

'ऋग्वेद' मा ईश्वरलाई ब्राह्मणस्पति, विष्णु, इन्द्र, अग्नि आदि भनेर सम्बोधन गरिएको छ । 'ऋग्वेद' मा ईश्वरबारे यसो भनिएको छ : "ईश्वरले राक्षसवृत्ति र झुटलाई मारिदिन्छन्" (लुइटेल र दाहाल, २०७९, पृ. १४१) । यसमा मानिसको राक्षसवृत्ति र झुटलाई मारिदिने ईश्वरलाई कल्याणकर्ताका रूपमा व्याख्या गरिएको छ । 'अथर्ववेद' मा ईश्वरलाई ब्रह्मका रूपमा वर्णन गरिएको छ र यसमा ईश्वरलाई अद्वितीय र सर्वव्यापकका रूपमा व्याख्या गरिएको छ । 'अर्थववेद' मा ईश्वरबारे यस्तो भनिएको पाइन्छ : "प्रत्येक हृदयमा ईश्वरको बास छ । ईश्वरले आफ्नो दिव्यशक्तिबाट प्रत्येक प्राणीलाई अनुप्राणित गर्दै रहन्छन्" (लुइटेल र दाहाल, २०७९, पृ. ५०१) । यसरी यहाँ ईश्वरलाई मानवका हृदयमा बास गर्ने र उसलाई अनुप्राणित गर्दै जाने दिव्यशक्तिका रूपमा वर्णन गरिएको छ ।

'भागवत पुराण' मा ईश्वरलाई भगवान् श्रीकृष्णका रूपमा वर्णन गरिएको छ । यसमा श्रीकृष्णको जीवन र उनका लीलाको विस्तृत वर्णन गरिएको छ जसमा उनी सर्वोच्च ईश्वरका रूपमा प्रतिष्ठित छन् । 'श्रीमद्भगवद् गीता' मा कृष्णको कुनै प्रारम्भ छैन तर उनी प्रत्येक वस्तुका प्रारम्भ हुन् भनिएको छ (दास, सन् १९९७, पृ. ५०१) । यसबाट कृष्ण नै सबैका बीज हुन्, ईश्वर हुन् भन्ने मान्यता 'गीता' मा फेला पर्छ । यसप्रकार 'श्रीमद्भगवद्गीता' मा परमात्मा अर्थात् सर्वशक्तिमान् शक्तिका रूपमा कृष्णलाई प्रस्तुत गरिएको छ ।

'विष्णुपुराण' मा सृष्टिको रचनाकार एवम् पालनकर्ताका रूपमा भगवान् विष्णुको चित्रण गरिएको छ । यस पुराणमा विष्णु परम तेजस्वी, अजर, अमर, अचिन्त्य, व्यापक, नित्य, कारणहीन एवम् सम्पूर्ण विश्वमा व्यापक छन् भनी बताइएको छ (शुक्ला, सन् १९९८, पृ. vii) । यसमा विष्णुलाई ऐश्वर्य, धर्म, यश, श्री, ज्ञान, वैराग्य गुणले युक्त भएकै कारण भगवान् भन्ने गरिन्छ भनी उल्लेख गरिएको छ ।

'कठोपनिषद्' मा ईश्वरको सम्बन्ध आत्मा र परमात्मासँग छ भनिएको छ । ईश्वर नै सर्वोच्च सत्ता र ज्ञानका स्रोत हुन् । उनी सबैबाट लुकेका छन् । ईश्वरको अनुभव गर्नका लागि गहिरो, सूक्ष्म र ध्यानमग्न बुद्धिको आवश्यकता पर्दछ । ईश्वरको साक्षात्कार गर्नु साधारण ज्ञानबाट टाढाको कुरा हो । यसमा सर्वशासक प्रभुका रूपमा ईश्वरलाई प्रस्तुत गरिएको छ (२०८०, पृ. ३१९) । यसरी 'कठोपनिषद्' मा ईश्वरबारे धेरै जानकारी पाउन सकिन्छ । 'मुण्डकोपनिषद्' मा जो लौकिक विज्ञानको विषय होइन अनि जो वरिष्ठ अर्थात् श्रेष्ठ पदार्थहरूमा श्रेष्ठ छ किनकि सम्पूर्ण दोषहरूबाट मुक्त हुने भएकाले एक उनै ब्रह्म नै श्रेष्ठ छन् भनिएको छ (२०८०, पृ. ५०८) । यसरी यसमा सम्पूर्ण दोषहरूबाट मुक्त हुनेलाई ब्रह्म भनी व्याख्या गरिएको छ । 'श्वेताश्वेतरोपनिषद्' मा जसले सम्पूर्ण भुवनको अर्थात् स्वयम् रचेको संसारमण्डललाई व्याप्त तुल्याइरहेका छन् अनि शालि आदि औषधि तथा अश्वत्थादि वनस्पतिमा पनि विद्यमान छन् उनैलाई परमात्मा भनिएको छ (२०८०, पृ. १२४०) । यसमा ईश्वरलाई संसारका स्रष्टा एवम् सर्वव्यापीका रूपमा प्रस्तुत गरिएको छ । 'माण्डूक्योपनिषद्' मा ब्रह्म समाधिस्वरूप, अचल र अभय छन् भनिएको छ (२०८०, पृ. ७०९) । यसमा ब्रह्मलाई अचल अर्थात् अविकारी मानिएको छ र विकारको अभावकै कारण ब्रह्म अभय छन् भन्ने धारणा प्रस्तुत गरिएको छ । 'छान्दोग्योपनिषद्' मा ब्रह्म हृदयमा रहन्छ र ब्रह्म नै सत्य हो भनिएको छ (पोद्दार, अन्य, २०८१, पृ. ४७०) । यसमा हृदयमा रहने ब्रह्मलाई नै सत्य मानिएको छ ।

'न्यायदर्शन' मा ईश्वरबारे धेरै कुरा प्रस्ट पारिएको छ । ईश्वरको अनुग्रहविना जीव न त यथार्थ ज्ञान पाउन सक्छ न यस जगत्का दुःखबाट छुटकारा पाई मोक्ष प्राप्त गर्दछ भनिएको छ (उपाध्याय, सन् २०११, पृ. २०२-२०३) । न्याय मूलतः

कारणवादी दर्शन हो । कार्य छ भने त्यसको कारण पनि छ भन्ने सिद्धान्त न्यायदर्शनले अङ्गीकार गरेको छ ( प्रेक्षित, २०७९, पृ. ८१) । यस दर्शनले कारणका रूपमा ईश्वरलाई मानेको छ । यसरी 'न्यायदर्शन' मा ईश्वरलाई जगत्का स्रष्टा, पालनकर्ता र संहारकका रूपमा व्याख्या गरिएको छ । यसमा ईश्वरलाई यस विश्वब्रह्माण्डको निमित्त कारण मानिएको छ । ईश्वर सर्वज्ञ, सृष्टिकर्ता, सृष्टिको स्थिति र विलयको कारण हो र ऊ स्वयम्मा ज्ञानस्वरूप छ जो सबै किसिमका ज्ञानहरूको आदि कारण हो तसर्थ सबै शक्तिहरू उसबाटै प्रकट हुन्छन् भन्ने धारणा फेला पर्छ (शर्मा, २०७०, पृ. १५३) । यसरी ईश्वर नै सृष्टिकर्ता, पालनकर्ता, विनाशकारी र सबै शक्तिका स्रोत हुन् भनिएको छ ।

यसरी ईश्वरबारे विभिन्न ग्रन्थहरूमा राम्ररी प्रस्ट्याइएको छ । विभिन्न मान्यताहरूको गहन अध्ययन गर्दा ईश्वर भनेको एउटा रहस्य हो, चेतन नै ईश्वर हो र ईश्वर परम चैतन्य छ भनी ईश्वरलाई चिनाइएको छ । चेतनका रूपमा स्वीकार गरिने ईश्वरलाई किन नमान्ने भन्ने प्रश्न पनि स्वतः उब्जिन्छ तर यस विश्वब्रह्माण्डको सञ्चालक नै ईश्वर हो अनि जडलाई सञ्चालन गर्ने शक्ति चेतन हो र त्यही चेतनको परम रूप ईश्वर हो भन्ने ईश्वरको स्वरूपसम्बन्धी चिन्तन व्यक्त भएको *सुलोचना* महाकाव्यलाई ईश्वरीय चिन्तनका दृष्टिले अध्ययन गर्न निम्नलिखित बुँदाहरू निर्धारण गरिएको छ :

(क) कथानकविन्यासमा ईश्वरचिन्तन
(ख) पात्रको ढाँचामा ईश्वरचिन्तन
(ग) परिवेशविन्यासमा ईश्वरचिन्तन

## ४. विमर्श र परिणाम

महाकाव्यकार लक्ष्मीप्रसाद देवकोटाले रचना गरेको *सुलोचना* महाकाव्यमा ईश्वरसम्बन्धी केही दृष्टिकोण अभिव्यक्त भएको पाइन्छ । आफ्ना काव्यकृतिमा ईश्वरप्रति गहिरो आस्था प्रकट गर्ने उनले *सुलोचना* महाकाव्यमा ईश्वरको अस्तित्वका पक्षमा वकालत गरेका छन् । यसमा देवकोटाले ईश्वरवादको समर्थन गर्न विभिन्न आस्तिक दर्शनहरूको सहारा लिएका छन् (रिसाल, २०३९, पृ. १२८) । प्रस्तुत महाकाव्यमा उपस्थित प्रभावशाली पात्रहरूमध्येका अनङ्ग र सुलोचनाले ईश्वर छन् भन्ने धारणा व्यक्त गरेका छन् । महाकाव्यका नायकनायिकालाई ईश्वरवादी पात्रका रूपमा खडा गरेर उनीहरूमार्फत देवकाटाले आफ्ना ईश्वरसम्बन्धी दृष्टिकोण व्यक्त गरेका छन् । प्रस्तुत महाकाव्यमा अनङ्ग र सुलोचनाका माध्यमबाट ईश्वरको अस्तित्व प्रमाणित गर्न देवकोटाले सुलोचनाका दुई दाजु तिमिरमर्दन र चण्डमर्दनलाई नास्तिक पात्रका रूपमा उभ्याएका छन् । प्रस्तुत महाकाव्यमा उपस्थित मर्दन दाजुभाइ पुष्करशमशेर र बालकृष्ण सम हुन् भने अनङ्ग चाहिँ स्वयम् देवकोटा हुन् अनि महाकाव्यमा दुई मर्दन दाजुभाइ र अनङ्गका बिचको ईश्वरसम्बन्धी बहस भाषानुवाद परिषद्का कोठामा शमशेर दाजुभाइ र देवकोटाका बिच दिनुहुँजसो हुने गरेको ईश्वरसम्बन्धी बहसकै झल्कोका रूपमा आएको छ भनी समालोचक कुमारबहादुर जोशीले गरेको टिप्पणी यहाँ विशेष स्मरणीय हुन आउँछ (जोशी, २०४९, पृ. १७३) । यसरी *सुलोचना* महाकाव्यमा देवकोटाले आफ्ना ईश्वरसम्बन्धी धारणा यसको नायक अनङ्ग र नायिका सुलोचनामार्फत व्यक्त गरेका छन् । प्रस्तुत लेखमा *सुलोचना* महाकाव्यमा फेला पर्ने यसका नायकनायिकाको प्रेमसम्बन्धसँग सम्बन्धित कथानक, प्रमुख पात्र अर्थात् नायकनायिका र महाकाव्यमा फेला पर्ने परिवेशविन्यासमार्फत व्यक्त भएको ईश्वरचिन्तनबारे व्याख्या गरिएको छ ।

### ४.१ कथानकविन्यास

महाकाव्यकार लक्ष्मीप्रसाद देवकोटाले रचना गरेको पहिलो र मौलिक विषयवस्तुमा आधारित *सुलोचना* महाकाव्यमा यसका नायक र नायिकाका बिचको अमर प्रेमकहानी प्रस्तुत गरिएको छ । काठमाडौँको सम्भ्रान्त परिवारमा जन्मेकी

सुलोचनाको प्रेमसम्बन्ध साधारण परिवारको अनङ्गसँग रहे पनि सुलोचनाका बुबा शत्रुमर्दनले ती दुईका बिचको प्रेमसम्बन्धप्रति आपत्ति जनाउँदै आफ्नो खानदानकै बराबरीको केटो विलाससिंहसँग सुलोचनाको विवाह गराइदिएपछि अनङ्ग र सुलोचनाको मिलन हुन नसकेको, अनङ्ग र सुलोचनाका बिच बाधक बनेको ठानी विलाससिंहले आत्महत्या गरेको, प्रेमीसँग विवाह हुन नसकेपछि मानसिक पीडामा परेकी सुलोचनाको निधन भएको जस्ता घटनाहरूको बुनोटबाट सुसङ्गठित बनेको प्रस्तुत महाकाव्यको कथानकयोजनाबाट पनि महाकाव्यकार देवकोटाले आफ्नो ईश्वरसम्बन्धी चिन्तन व्यक्त गरेका छन् । प्रस्तुत उपन्यासको चौथो सर्गमा सुलोचनाका दाजुहरूको निमन्त्रणामा सुलोचनाका घरमा आएको अनङ्ग र दुई मर्दन दाजुहरूका बिचमा ईश्वरसम्बन्धी बहस भएको सन्दर्भ ल्याएर महाकाव्यकार देवकोटाले आफ्नो ईश्वरसम्बन्धी चिन्तनको अभिव्यक्ति निकै तार्किक ढङ्गमा गरेका छन् । सुलोचनाका दाजुहरूले ईश्वर छैन भनी गरेको तर्कको खण्डन गर्दै अनङ्गले अनेक सन्दर्भहरू प्रस्तुत गरेर ईश्वरको अस्तित्व प्रमाणित गर्न अनेक तर्कहरू अगि सारेको छ भने सुलोचनाले पनि अनङ्गको ईश्वरप्रतिको धारणामा समर्थन जनाएकी छ । अनङ्ग र सुलोचनाका बिचको प्रेमसम्बन्धलाई स्वीकार नगर्ने मर्दन परिवारले आफ्नै खानदान सुहाउँदो कर्णेल प्रतापसिंहको छोरो विलाससिंहसँग विवाह गर्ने निश्चय गरेपछि सुलोचनाले कृष्णकी भक्तिनी बन्ने निर्णय गरेकी छ भन्ने कुरा शत्रुमर्दनसँग मखनाले व्यक्त गरेको तलको उद्गारबाट प्रस्ट हुन्छ :

त्यसै गर्दिन रे ! हामी के बुझौँ कुन कारण ?
उही जानोस् ! बनी भक्त कृष्णकी बस्दछे अरे ! (देवकोटा, २०७७, पृ. ८७)

मखनाले व्यक्त गरेको माथिको उद्गारबाट पनि सुलोचनाले भौतिक सुखसुविधा त्यागेर ईश्वरकै भक्तिमा मन लगाउन थालेका कुराको प्रस्ट सङ्केत पाउन सकिन्छ । विलाससिंहसित विवाह हुने तय भएपछि भाग्ने कोसिस गर्दा पनि तोकिएको ठाउँमा अनङ्ग नआएपछि सुलोचना निकै दुःखी बनेकी छ र मनले नचाहे पनि विलाससिंहकी अर्धाङ्गिनी बनेर बाँच्न विवश बनेकी छ । हृदयले स्वीकार नै नगरेको पुरुषलाई पति मान्न बाध्य भएपछि रातदिनको रोदनले जिउँदो लाससरह बाँचेकी सुलोचनाले आफूलाई पूर्णतः भगवान् श्रीकृष्णको उपासनामा लीन गरेर जीवन काट्ने गरेकी छ । सुलोचनामा रहेको कृष्णप्रतिको गहिरो भक्तिलाई महाकाव्यकार देवकोटाकै ईश्वरभक्तिको अभिव्यक्तिका रूपमा लिन सकिन्छ । विलाससिंहसँग विवाह गर्नुभन्दा पहिले नै कृष्णकी भक्तिनी बनेर जीवन व्यतीत गर्ने कुरा बताएकी सुलोचनाले विवाह भएपछि पतिका घरमा एउटा कोठालाई नै मन्दिरमा परिणत गरेर आफूलाई भगवान् कृष्णकै भक्तिमा लगाएकी छ भन्ने कुरा तलका पङ्क्तिहरूबाट थाहा पाउन सकिन्छ :

कोठा मन्दिर झैँ बन्यो दिनदिनै भो श्वास नै चामर
घण्टा भो मुटु स्तब्धता हृदयको बन्थ्यो तपस्या वर ।
बारम्बार उठी सजीव दिलका आँखा बहाईकन
हे ! हे कृष्ण ! म पाउँ मुक्ति जगमा भन्दी तिनी पस्रिइन् ॥ (देवकोटा, २०७७, पृ. १४४)

भौतिक जीवनबाट मुक्ति पाई पारलौकिक जीवनमा रमाउन चाहने सुलोचनाबारे व्यक्त गरिएको माथिको श्लोकमा कृष्ण अर्थात् ईश्वरलाई नै मुक्तिदाताका रूपमा उभ्याइएको छ । कृष्णकै आश्रयमा मुक्ति चाहने सुलोचनाबारे अभिव्यक्त माथिको श्लोकमा ईश्वर नै मुक्तिदाता हुन् भन्ने विचार व्यक्त भएको पाइन्छ ।

भौतिक जीवनप्रति कत्ति पनि मोह नराख्ने सुलोचनाले ईश्वरकै उपासनामा जीवनको आनन्द अनुभव गरेकी छ । पति, सासू र सौताबाट सास्ती खेप्दै आएकी सुलोचना जीवनको जस्तोसुकै परिस्थितिमा पनि आफ्नो ईश्वरभक्तिबाट एक डेग पनि पछि हटेकी छैन । अनङ्गसँगको प्रेमबारे पतिले थाहा पाएपछि चर्को यातना भोग्न विवश बनेकी सुलोचनाले

आफ्नो ईश्वरभक्तिका प्रभावले मांसल प्रेम (भौतिक प्रेम) मा रमाएर जीवन बिताउन चाहने विलाससिंहले दुई प्रेमिल जोडीका बिच आफू बाधक बनेकामा अपराधबोध गर्दै आत्महत्या गरेको घटनाको वर्णन गरिएकाले प्रस्तुत महाकाव्यको कथानकयोजनाले अमांसल अर्थात् आत्मिक प्रेम (ईश्वरभक्ति) का अगि भौतिक प्रेम टिक्नै नसक्ने धारणाको समर्थन गरेको छ । भौतिक जीवनप्रति कत्ति पनि रुचि नलिईकन सदा कृष्णभक्तिमै समर्पित सुलोचनाको बिग्रँदो शारीरिक अवस्था देखेर अनङ्ग र सुलोचनाका बिचमा आफू बाधक बनेको ठानेर विलाससिंहले आत्महत्या गर्नुलाई आत्मिक प्रेमको जितका रूपमा लिन सकिन्छ । महाकाव्यको अन्त्यमा आर्यघाट आई मृत्युशय्यामा पुगेकी सुलोचनालाई अनङ्गले पुलुक्क हेरेर गएपछि सुलोचनाले प्राण त्यागेको घटनाको वर्णन गरिएको छ । यसरी नायिका सुलोचनाले प्राण त्यागेका घटनामा पुगी टुङ्गिएको प्रस्तुत महाकाव्यको कथानक दुःखान्त देखा पर्छ । मर्दन दाजुहरूले ईश्वर छैन भनेपछि तिनका नास्तिक विचारको खण्डन गर्दै अनङ्गले अनेक तर्कहरू प्रस्तुत गर्दै ईश्वरको अस्तित्व प्रमाणित गर्नु, सुलोचना कृष्णको भक्तिमा तल्लीन हुनु, सुलोचनाको ईश्वरभक्तिका प्रतापले पति विलाससिंहलाई आत्महत्या गर्न बाध्य पार्नु र सुलोचनाले मृत्युवरण गरेर ब्रह्मतत्त्वमा विलीन भएका घटनाहरूको योजनाबद्ध बुनोटबाट तयार भएको प्रस्तुत महाकाव्यको कथानकले ईश्वरीय प्रेमका अगि मांसल प्रेम गर्नेहरू स्वतः समाप्त भएर जान्छन् र सधैँ अमांसल अर्थात् स्वच्छ प्रेमकै जित हुन्छ भन्ने चिन्तनको समर्थन गरेको छ ।

प्रस्तुत महाकाव्य मूलतः अनङ्ग र सुलोचनाका बिचको प्रेमकहानीमा आधारित छ । यी दुवैको एकअर्काप्रति प्रेम मांसल नभई अमांसल अर्थात् आध्यात्मिक प्रकृतिको छ र त्यही प्रेम नै ईश्वरीय प्रेम हो । यी दुवै विराट प्रेमतर्फको यात्रामा छन् तसर्थ यी दुईका बिच भौतिक मिलन नभए पनि तिनलाई खासै फरक परेको छैन । यिनका बिचको प्रेम अमांसल छ र त्यही नै ईश्वरीय प्रेम भएकाले यसैको अभिव्यक्ति नै प्रस्तुत महाकाव्यका कथानकको मुख्य वृत्त रहेको छ ।

## ४.२ पात्रको ढाँचा

प्रस्तुत महाकाव्यमा ईश्वरप्रति गहिरो आस्था एवम् भक्ति प्रकट गर्ने पात्रहरूमा मुख्यतः यसका नायक अनङ्ग र नायिका सुलोचना देखा परेका छन् । यी दुवै पात्र महाकाव्यकार देवकोटाकै ईश्वरसम्बन्धी चिन्तनको संवाहकका रूपमा रहेका छन् । यहाँ यिनै दुई पात्रका चरित्र र विचारमार्फत *सुलोचना* महाकाव्यमा फेला पर्ने ईश्वरचिन्तनको खोजी गरिएको छ ।

### ४.२.१ अनङ्ग

प्रस्तुत महाकाव्यमा यसको नायक अनङ्ग ईश्वरप्रति गहिरो आस्था एवम् भक्ति राख्ने आस्तिक चरित्रका रूपमा उपस्थित भएको छ । उसको नामले अङ्ग नै नभएको भन्ने अर्थ दिन्छ र ऊ आफ्नो नामजस्तै शरीरको मायामोहबाट माथि उठेर अङ्गरहितको परमेश्वरमै लीन रहेको छ । प्रस्तुत महाकाव्यको चौथो सर्गमा सुलोचनाका दाजुहरूको ईश्वर छैन भन्ने धारणाको खण्डन गर्दै ईश्वरको अस्तित्वका बारेमा गहकिला तर्कहरू प्रस्तुत गरेर अनङ्गले आफ्नो आस्तिक चरित्र प्रदर्शन गरेको छ । *सुलोचना* महाकाव्यको चौथो सर्गमा अनङ्गले ईश्वरको अस्तित्व प्रमाणित गर्दै व्यक्त गरेका ईश्वरसम्बन्धी धारणालाई निम्नलिखित बुँदाहरूमा व्याख्या गर्नु समीचीन हुने देखिन्छ :

#### (क) सृष्टिकर्ताका रूपमा ईश्वर

प्रस्तुत महाकाव्यमा ईश्वरलाई सृष्टिकर्ताका रूपमा उभ्याइएको छ । सम्पूर्ण विश्वब्रह्माण्ड वा सृष्टिलाई बनाउने, बिगार्ने र तिनको नियन्त्रण तथा शासन गर्ने भनी मानिएको परम पुरुष वा परमात्मा नै ईश्वर हो भनी ईश्वरबारे व्याख्या गरिएको छ र ईश्वरसम्बन्धी यही धारणा प्रस्तुत महाकाव्यमा यसको नायक अनङ्गले व्यक्त गरेको छ । सुलोचनाका

दाजुले ईश्वर छैन भनेपछि त्यसको उत्तर दिँदै अनङ्गले भनेको छ, "सारा कार्यको हुन्छ कारण, यत्रो विश्व छ सामूमा छैन ईश्वर के यहाँ" (पृ. ५९) । उसको यस भनाइबाट सबै कार्यको कुनै न कुनै कारण हुन्छ र त्यो कारण ईश्वर हो भन्ने बुझिन्छ । एउटा बनिबनाउ माटाको भाँडालाई देख्दा त्यसलाई कसै न कसैले बनाएको हो भन्ने अनुमान लगाउन सकिए झैँ यस विश्व-ब्रह्माण्डमा निरन्तर चलिरहने ग्रह तथा उपग्रहका साथै सम्पूर्ण कार्यको सञ्चालक कोही न कोही छ र त्यो अरू कोही नभई उही परम सर्वशक्तिमान् ईश्वर हो भन्ने मान्यता ईश्वरवादीहरूको रहेको छ । सबैका सामुन्ने प्रत्यक्ष विश्व-ब्रह्माण्ड जुन कार्यका रूपमा रहेको छ त्यसको सृष्टिकर्ता ईश्वर नै हो भन्ने मानिएको छ । सम्पूर्ण विश्व-ब्रह्माण्ड वा सृष्टिलाई बनाउने र विध्वंस गर्ने र तिनको नियन्त्रण गर्ने जुन परमशक्ति छ त्यही नै ईश्वर हो मान्यता अनङ्गको उपर्युक्त भनाइमा मुखरित भएको पाइन्छ । यस विश्व-ब्रह्माण्डको सृष्टि गर्ने, त्यसको रक्षा गर्ने र विध्वंस गर्ने जुन चेतन परमशक्ति छ त्यही नै ईश्वर हो भन्ने कुरा अनङ्गको उपर्युक्त भनाइबाट प्रस्ट हुन्छ ।

मर्दन दाजुभाइले ईश्वरको अस्तित्व स्वीकार नगरी त्यस्तो परमशक्ति नै छैन भनेपछि त्यसको प्रतिवाद गर्दै ईश्वर छ भन्ने आफ्नो तर्क पुष्टि गर्न अनङ्गले भनेको छ :

सानो रायो नजान्नेले नसक्ने तिल सिर्जन
यौटा रौँ नै बनुझनेले दाना यौटा जुगान्जुग
झल्कीरहेको आँखामा नबुझनेले सबै जगत्
जाने झैँ ईश्वरै छैन भन्नु के ह्वैन मूर्खता ? (पृ. ६०)

अनङ्गले व्यक्त गरेको माथिको पङ्क्तिपुञ्जमा सानो रायो कसरी साग भयो भन्नेबारे केही नबुझ्ने अनि तिल सिर्जन नसक्नेले आफ्नै आँखाअगाडि प्रत्यक्ष झल्किरहेको जगत्बारे केही नबुझ्ने अनि सबै कुरा जान्दाजान्दै पनि ईश्वर छैन भन्नु के मूर्खता होइन भनी प्रश्न गरिएको छ । जगत्को सृष्टिकर्ताका रूपमा ईश्वरको अस्तित्व प्रमाणित छ भन्ने ईश्वरवादी चिन्तन माथिको उद्धरणमा अभिव्यञ्जित छ । अनङ्ग त जताततै ईश्वर नै देख्दछ । ऊ भन्छ, "हामी ईश्वर देख्दा छौँ दिव्य सौन्दर्यका सफा" (पृ. ६२) । उसको यस भनाइबाट ईश्वरको रूप दिव्य एवम् सफा छ भन्ने अनुभव गर्न सकिन्छ भन्ने कुरा प्रस्ट हुन्छ ।

**(ख) मोक्षदाताका रूपमा ईश्वर**

प्रायः मानिसहरूमा कुनै न कुनै रूपमा ईश्वरप्रति आस्था रहेको हुन्छ । जीवनमा आइपर्ने विपत्का समयमा मान्छेले सम्झने भनेकै ईश्वर हो । ईश्वरको कृपा नभई जीवनमा कुनै पनि सफलता हासिल गर्न सकिँदैन भन्ने धारणाले मानिसमा गहिरो प्रभाव पारेको भेटिन्छ । भयका क्षणबाट बाहिर निस्कन होस् वा मृत्यु नजिक आउन लागेको छनक पाउँदा होस् मानिसले सम्झने भनेको ईश्वर नै हो । ईश्वरप्रतिको आस्थाविना ऊ आफ्नो जीवन पूर्ण नहुने ठान्दछ । अर्कातर्फ मरेपछि पनि ईश्वरकै शरणमा पर्ने तथा स्वर्गमै पुग्न पाउने चाहना जो कोही मानिसमा रहेकै पनि हुन्छ । त्यसैले सुलोचनाका दाइहरूले ईश्वर छैन भनेर तर्क गरिरहँदा अनङ्ग उनीहरूको त्यस्तो धारणाप्रति पूर्णतः असहमत देखिएको छ । तिमिरमर्दनले परमेश्वरको कुनै सत्ता छैन भन्ने तर्क अगि सारेपछि त्यसको खण्डन गर्दै अनङ्गले आफ्ना ईश्वरवादी धारणा व्यक्त गर्ने अवसर पाएको छ र अनेक तर्क गर्दै ईश्वरको अस्तित्व प्रमाणित गर्न खोजेको छ । ईश्वर छैन किनभने ईश्वर केवल मानिसकै कल्पना हो, मानिसकै सिर्जना हो भन्ने तिमिरमर्दनको तर्कको खण्डन गर्दै अनङ्गले यसो भनेको छ :

जहाँ मरणको म्याउँ आउँदा 'लौ न ईश्वर ।'
नभनी जीव मर्दैन, जहाँ जीवन तारमा

सुर मिल्दैन मान्छेको परमेश्वरको नयाँ
टुनाले नछुँदा पारी सारा नास्तिक झक्झक । (पृ. ६०-६१)

अनङ्गले व्यक्त गरेको उपर्युक्त उद्गारमा ईश्वरको अस्तित्वलाई स्वीकार गरिएको छ । मानिसलाई मर्छु भन्ने अलिकति भनक मात्र पर्‍यो भने पनि ऊ ईश्वरलाई सम्झन पुग्दछ अर्थात् ऊ ईश्वरलाई नपुकारी मर्दै मर्दैन । ईश्वरलाई सम्झँदै मर्न पाउँदा मुक्ति मिल्दछ र स्वर्गमा पुगिन्छ भन्ने विश्वास आम मानिसमा रहेको हुन्छ । आफूलाई कल्याण गर्ने भनेको ईश्वरले नै हो अनि ईश्वरकृपाबाट मात्र मुक्ति सम्भव हुन्छ भन्ने बुझेर नै मानिसहरू ईश्वरलाई कल्याणकर्ता एवम् मुक्तिदाताका रूपमा मान्ने गर्दछन् । यही कारण मानिस आफ्नो जीवनमा मृत्युको छाया परेको अनुभव गर्नासाथ ईश्वरलाई नै सम्झिने गर्दछ । ईश्वरको कृपाविना मानिसका जीवनतारमा कुनै सुर नै मिल्दैन भन्ने अनङ्गको भनाइमा मानिसको जीवन ईश्वरविना चल्न सक्दैन भन्ने आशय प्रकट भएको पाइन्छ । ईश्वरको अभावमा मानवजीवनले लय नै समात्न सक्दैन भन्दै अनङ्गले परमेश्वरको नयाँ टुनाले नछुँदा मात्र मानिस नास्तिक हुन्छ भन्ने धारणा व्यक्त गरेको छ । यसरी अनङ्गको माथिको उद्गारमा मानिसलाई सधैँ कल्याण गर्ने अनि मानिसलाई मुक्ति दिने पारलौकिक शक्ति भनेकै ईश्वर हो भन्ने विचार व्यक्त गरिएको छ । यसरी प्रस्तुत महाकाव्यमा आस्तिक भई देखा परेको अनङ्गका उद्गारमार्फत मानिसका लागि ईश्वर नै कल्याणकर्ता एवम् मुक्तिदाता हुन् भन्ने ईश्वरवादी चिन्तन मुखरित भएको पाइन्छ ।

### (ग) शान्ति र अभयदाताका रूपमा ईश्वर

मानिसको मनमा अनेक थरी कुभावनाहरू आउँदा उसको मन अशान्त हुन पुग्दछ र त्यही कारण ऊ दुःखी हुन पुग्दछ । मनमा अनेक विकार आइरहँदा मानिस अनेक मानसिक समस्या झेल्न पुगी मृत्युका मुखमा पनि पर्न सक्दछ । यस्तो अवस्थामा मानिसको मनमा रहेका विकारहरूलाई हटाई मनलाई स्वच्छ एवम् स्वस्थ तुल्याउने एउटा भरपर्दो उपचार ईश्वरभक्ति नै हो भन्ने धेरैको ठम्याइ रहेको छ । ईश्वरप्रति एकाग्र चित्तले लाग्दा मनका विकारहरू हट्न गई मनमा हुने शान्तिले मानिस स्वस्थ भएका थुप्रै उदाहरणहरू भेटिन्छन् । ईश्वरभक्तिमा लाग्दा मनलाई शान्ति मिल्दछ र जीवन सुखसँग बित्न सक्छ भन्ने विश्वासकै कारण मानिस रातदिन ईश्वरकै भक्तिमा आफूलाई लगाउने गर्दछन् । ईश्वरबाट मनमा शान्ति मिल्दछ र जीवन सुखी हुन्छ भन्ने भाव अनङ्गले व्यक्त गरेको निम्न लिखित उद्गारमा अभिव्यक्त भएको पाइन्छ :

कालो क्रूरपना जस्तो अँध्यारो निशिमा जहाँ
झिल्काहरू झझल्केर गर्दछन् दिल शीतल (पृ. ६२)

माथिको उद्गारमा ईश्वरभक्तिबाटै मानवीय मनको कालो हटेर जान्छ र मन शीतल हुन्छ भन्ने आशय प्रकट गरिएको छ । त्यसैले माथिको उद्गारमा ईश्वरको अस्तित्व छ भन्ने ईश्वरवादी चिन्तन व्यक्त भएको छ ।

## ४.२.२ सुलोचना

प्रस्तुत महाकाव्यमा उपस्थित भई नायिकाको भूमिका निर्वाह गर्ने सुलोचना ईश्वरप्रति गहिरो आस्था एवम् भक्ति प्रकट गर्ने आस्तिक नारी पात्रका रूपमा देखा परेकी छ । उसको नामको अर्थ नै सुन्दर नयन भएकी भन्ने हुन्छ र ऊ साँच्चै नै त्यस्तै सुन्दर नयन भएकी नारीका रूपमा देखा परेकी छ । कुलीन एवम् सम्भ्रान्त परिवारमा जन्मेकी र आमाबुबा दुवैले पटक्कै मन नपराएको युवक अनङ्गसँग प्रेम गर्ने र उसैलाई आफ्नो सर्वस्व ठान्ने सुलोचनाका दृष्टिमा यस जीवनजगत्मा सबै कुरा सुन्दर छन् । पवित्र हृदय भएकी उसका दृष्टिमा ईश्वर नै सर्वस्व हो र ईश्वरकै भक्तिबाट मोक्ष प्राप्त हुन्छ । सम्भ्रान्त परिवारमा जन्मे पनि कुलको गर्व नगर्ने, भौतिक सुखसयलप्रति कत्ति पनि रुचि नराख्ने,

साधारण युवक अनङ्गलाई माया गर्ने र ईश्वरप्रति गहिरो आस्था राख्ने ऊ आँखाजस्तै मनले पनि अति सुन्दर युवतीका रूपमा देखिएकी छ । मन जति सफा छ त्यति नै उसको तन पनि सुन्दर छ अर्थात् ऊ सुवदना हो । महाकाव्यमा ऊ सुवदना हो भन्ने कुरा प्रस्टसँग यसरी उल्लेख गरिएको छ : "सुलोचना नामकी छन् छोरी नेपालभूषण" (पृ. ३३) । यस महाकाव्यमा नेपालकै सुन्दर युवती हो भन्दै सुलोचनाको शारीरिक सौन्दर्यको वर्णन गरिएको छ ।

प्रस्तुत महाकाव्यकी नायिका सुलोचनाले आफूलाई ईश्वरभक्तिमा लीन गराउनाको मुख्य कारण अशान्त मनलाई शान्त तुल्याउन र परिवारबाट अनुभव गर्नुपरेको भयबाट मुक्ति पाउनका लागि नै हो भन्ने बुझिन्छ । अनङ्गसँग विवाह हुन नपाएपछि मानसिक रूपमा विक्षिप्तजस्तै बनेकी सुलोचना विलाससिंहसँग विवाह गर्न बाध्य भएपछि आहत बनेको आफ्नो हृदयलाई शान्त पार्नका लागि नै ईश्वरप्रति समर्पित भएकी छ र उसले ईश्वरभक्तिमै लीन भएर जीवन बिताउने निर्णय गरेकी छ । उसले आफ्नो घरमा कृष्णको भक्तिमा मन लगाउने गरेको कुरा तलको श्लोकबाट पुष्टि हुन्छ :

कृष्णको मूर्ति ल्याएर पूजा गर्दी निरन्तर ।
स्वामी जस्तो बनाएर भज्दी पनि अरू तर ॥ (पृ. १७२)

माथिको श्लोकमा मनको शान्तिका साथै भयबाट मुक्ति पाउनकै लागि सुलोचना कृष्णभक्तिमा डुबेकी हो भन्ने कुरा प्रस्ट हुन्छ । उसलाई दिनरात कृष्णभक्तिमा लागेको देखेर घरका सबैले पूजा गर्न बन्द गराएर काममा पेलाउन थाले पनि उसमा कृष्णप्रतिको भक्तिमा कुनै कमी आएको देखिँदैन । काम गर्दा पनि ऊ कृष्णकै भक्तिमा लीन हुने गरेको कुरा तलको श्लोकबाट प्रस्ट हुन्छ :

ढिक्की कुट्दा तिनीलाई कृष्णसाथ निरन्तर ।
नाचेको भाव आएर वृन्दावन मनोहर ॥ (पृ. १७६)

ढिकी कुट्दा नाचेको अनुभूति भएकाले सुलोचनालाई वृन्दावनमा कृष्णका साथ नृत्य गरेको भान परेको छ भन्ने माथिको श्लोकमा अभिव्यक्त सन्दर्भले ऊ सदा कृष्णकै भक्तिमा लाग्ने गरेको देखिन्छ । यसरी उसले कृष्णको भक्ति गरेर मनको शान्तिका साथै भययुक्त पारिवारिक वातावरणबाट मुक्ति पाउने चाहना राखेको बुझिन्छ ।

अनङ्गलाई बुबाआमाले मन नपराएका कारण अर्कै केटासँग विवाह हुने भएपछि सुलोचना मानसिक रूपमा निकै दुःखी बनेकी छ । दुःख झेल्नुपर्ने अवस्था उसले आफ्नै आमाबाबुका कारण पाएकी हो । यस महाकाव्यका सम्बन्धमा अम्बिकाप्रसाद अधिकारीको यो दृष्टिकोण निकै सान्दर्भिक देखिन्छ : "मन नपरेका र मन नपराउने बाबुआमाबाट बालककाल आनन्दमय हुन्न, मन नपरेका र मन नपराउने सन्तानबाट बुढ्याइँ सुखमय हुन्न, मन नमिलेका दम्पतीको यौवन अकर्मण्य बन्छ र त्यसले जीवन दुःखैदुःखमा बित्छ" (अधिकारी, २०५२, पृ. २९९) । आमाबुबाकै कारण आफूले मन पराएको केटासँग विवाह गर्न नपाउने भएपछि सुलोचनाले विवाह नै नगर्ने र कृष्णको भक्ति गरेर बस्ने कुरा गरेकी छ । कट्टर शत्रुको छोरो तथा आर्थिक रूपमा आफ्नो परिवारका तुलनामा कमजोर परिवारको युवक अनङ्गप्रति सुलोचनाका बाबु शत्रुमर्दन निकै क्रोधित देखिएका अवस्थामा परिवारमा सबै आफ्ना विरुद्ध हुँदाहुँदै पनि कृष्णप्रतिको असीम भक्तिका कृपाले सुलोचना ढुक्कसँग आफ्नो कर्तव्यपथमा लाग्न सकेकी छ । कर्णेल प्रतापसिंहको छोरो विलाससिंहसँग विवाह गर्नका लागि आमाले आग्रह गर्दा सुलोचनाले यस्तो भनेकी छ :

बिहा कतै गर्दिनँ भो मुमा ! म
छ मर्द साराकन यो प्रणाम ।

छ कृष्णको सुन्दर एक धाम
जपेर बस्नेछु म एक नाम ॥ (पृ. ८४)

आमाले विवाह गर्न आग्रह गर्दा विवाह नै नगर्ने र कृष्णको भक्ति गरेर जीवन बिताउने कुरा बताएकी सुलोचनाले ईश्वरभक्तिमै जीवनको सार्थकता देखेकी छ भन्ने कुरा माथिको श्लोकमा व्यक्त भएको छ। आफ्नै आमाबाबु, पति, सासू र सौताबाट पीडा पाएपछि सुलोचना आश्रयहीन एवम् आधारहीन बनेकी छ। सुलोचनाले कृष्णलाई आफ्नो एक मात्र आधार ठानेर उनको उपासना गर्नुपरेको अवस्थाबारे समालोचक निर्मला शाहीले यस्तो टिप्पणी गरेकी छन् : “निराधार थिइन् त्यसैले एक आधार कृष्णलाई मानिन्” (शाही, २०५९, पृ. १८७)। उसको कृष्णकै भक्ति गरेर जीवन व्यतीत गर्ने चाहना तलको श्लोकमा व्यक्त भएको छ :

कृष्ण छन् सकलका दिललाई
पुग्छ कृष्ण प्रभु मात्र मलाई।
भक्ति लिन्छु उनको अबलाई
गर्छु यो जगतलाइ भलाइ ॥ (पृ. ८४)

माथिको श्लोकमा सुलोचनाले कृष्णको भक्तिमा नै मन लगाउने र जगत्‌को भलाइ हुने काममा जीवन समर्पित गर्ने चाहना व्यक्त गरेकी छ र यसमा उसका चरित्रका माध्यमबाट मानवको भलाइ गरेर ईश्वरमा भक्ति लगाउनुपर्दछ भन्ने धारणा व्यक्त गरिएको छ।

आफूले नचाहँदा नचाहँदै पनि विलाससिंहसँग विवाह गर्न बाध्य भएपछि र पतिघरमा अनेक यातना खेपेर बाँच्न बाध्य हुनुपरेपछि सुलोचना एउटा कोठालाई नै मन्दिरमा परिणत गरेर कृष्णभक्तिमा तल्लीन हुँदै जीवन व्यतीत गर्न पुगेकी छ। अनङ्ग र आफूबिचको प्रेमसम्बन्धका बारेमा पति विलाससिंहले थाहा पाएपछि झन् कठोर यातना भोग्न बाध्य भएकी सुलोचना ईश्वरप्रतिको भक्तिका शक्तिले पतिलाई पराजित गर्न सफल भएकी छ। अनङ्ग र सुलोचनाका बिचमा आएर आफूबाट ठुलो अधर्म भएको ठानेर विलाससिंहले आफ्नै पेस्तोलबाट आत्महत्या गरेबाट सुलोचना आफ्नो ईश्वरभक्तिका शक्तिबाट पतिलाई पराजित गर्न सफल भएकी छ। प्रेमी अनङ्गसँग विवाह गर्न नपाएका कारण मानसिक रूपमा आघात बेहोर्न पुगेकी सुलोचनाले अन्ततः त्यही पीडामा छटपटिँदै आर्यघाटमा जैमानेका रूपमा फकिर बनेर आएको अनङ्ग अर्थात् आफ्नो हृदयको देवता एवम् आराध्य व्यक्तिको एक झल्को दर्शन पाएर मृत्युवरण गर्न पुगेकी छ। यसरी प्रस्तुत महाकाव्यमा सुलोचनालाई ईश्वरभक्तका रूपमा खडा गरी उसका चरित्रका माध्यमबाट ईश्वरभक्ति प्रकट गरिएको छ।

## ४.३ परिवेशविन्यास

प्रस्तुत महाकाव्यमा परिवेश अर्थात् देश, काल र वातावरणको विन्यास निकै कलात्मक ढङ्गमा गरिएको छ। प्रस्तुत महाकाव्यका कथानकीय घटनाहरू काठमाडौँ सहरकै पेरिफेरिमा घटेका छन् र ती घटनाहरू घटेका बेला नेपालमा राणाशासन थियो भन्ने कुराको पनि प्रस्ट सङ्केत पाइन्छ। यस महाकाव्यमा फेला पर्ने परिस्थितिजन्य परिवेश अर्थात् वातावरणजन्य परिवेशबाटै ईश्वरीय चिन्तन व्यक्त गरिएको छ। पासा खेल्ने क्रममा शत्रुमर्दन र वासुदेवका बिच झगडा भई पानी बारबारको अवस्था सिर्जना भएको परिस्थितिमा शत्रुमर्दनकी छोरी सुलोचना र वासुदेवका छोरा अनङ्गका बिचको प्रेमसम्बन्ध सफल हुन नसकेको देखिन्छ। पण्डित वासुदेवको छोरो अनङ्ग पारिवारिक वातावरणकै कारण सानैदेखि ईश्वरप्रति गहिरो आस्था एवम् भक्ति राख्ने खालको देखिन्छ। मर्दन दाजुभाइसँग ईश्वरका बारेमा भएको

चर्काचर्कीमा अनेक तर्क दिँदै ईश्वरको अस्तित्व प्रमाणित गर्न सक्ने ल्याकत देखाउने अनङ्ग सच्चा ईश्वरभक्तका रूपमा देखिएको छ । मर्दन दाजुभाइले ईश्वरको अस्तित्वलाई ठाडै अस्वीकार गरेर ईश्वर नै छैन भन्ने तर्क गरेपछि उत्पन्न परिस्थितिकै कारण अनङ्गले नानाथरी तर्क गर्दै ईश्वरको अस्तित्व प्रमाणित गरेको देखिन्छ ।

प्रस्तुत उपन्यासकी नायिका सुलोचना पनि जीवनमा आइपरेका अनेक परिस्थितिका कारण ईश्वरप्रति गहिरो आस्था राख्दै ईश्वरकै भक्तिमा लीन भएकी छ । उसको पारिवारिक वातावरण अनङ्गको जस्तो देखिँदैन । आफ्ना दाजुहरू नै कट्टर नास्तिक भएकाले पनि सुलोचनालाई ईश्वरभक्तिमा लाग्ने पारिवारिक वातावरण मिलेको देखिँदैन । पारिवारिक वातावरण सहज नभए पनि अनङ्गसँगको प्रेमसम्बन्धमा परेपछि सुलोचनामा ईश्वरप्रति आस्था बढ्दै गएको हो कि भन्ने देखिन्छ । मानिसहरू प्रायः आफू दुःख वा सङ्कटमा परेको अवस्थामा जसरी ईश्वरलाई सम्झने गर्दछन् त्यसरी नै प्रस्तुत उपन्यासमा प्रेमी अनङ्गसँग विवाह गर्न नपाएपछि आफूले मनै नपराएको केटासँग विवाह गर्नुपर्ने बाध्यात्मक परिस्थिति आइलागेपछि नै सुलोचना ईश्वरप्रति बढी आसक्त देखिएकी छ । विलाससिंहसित विवाह हुने टुङ्गो भएपछि नै सुलोचनाले सुरुमा विवाह नै नगर्ने र आफू अब कृष्णकी भक्तिनी भएर जीवन व्यतीत गर्ने निर्णय गरेकी छ । उसले कृष्णकी भक्तिनी बन्ने भनेर गरेको घोषणाको जानकारी मखनाको यस भनाइबाट पाउन सकिन्छ : "उही जानोस् ! बनी भक्त कृष्णकी बन्दछे अरे" (पृ. ८७) । सुलोचनाले विवाह नगर्ने बरु कृष्णको भक्ति गरेर बस्ने कुरा बताएर आफू ईश्वरकै शरणमा जीवन बिताउन तयार भएको कुरातर्फ प्रस्ट सङ्केत गरेकी छ । यद्यपि विलाससिंहसँग विवाह गर्न बाध्य भएकी सुलोचनाले आफ्नो घरको एउटा कोठालाई मन्दिर बनाई भगवान् श्रीकृष्णको मूर्ति स्थापना गरेर आफूलाई ईश्वरभक्तिमै समर्पित गरेकी छ । पति, सासू र सौताबाट प्राप्त प्रताडनाका साथै प्रेमी अनङ्गसँगको वियोगकै कारण मानसिक रूपमा अशान्त बन्नुपरेपछि सुलोचनाले कृष्णको भक्ति गरेर ईश्वरकै शरणमा आफूलाई समर्पित गरेकी छ । यसरी आफ्नो जीवनमा आइपरेका अनेक परिस्थितिकै कारण सुलोचना ईश्वरभक्तिमा लागेकी देखिनाले ईश्वरबाट मनको शान्ति मिल्ने अनि सबै प्रकारका दुःख एवम् पीडाबाट मुक्ति पाइने ईश्वरीय चिन्तन उसका चरित्रबाट मुखरित हुन पुगेको छ ।

## ५. निष्कर्ष

महाकाव्यकार देवकोटासृजित *सुलोचना* महाकाव्यमा ईश्वरचिन्तन निकै प्रभावकारी ढङ्गमा व्यक्त भएको पाइन्छ । यसमा विश्व-ब्रह्माण्डको सृष्टि, पालना एवम् नियन्त्रण र विनाश गर्ने तत्त्व सर्वशक्तिमान् ईश्वर नै हो भन्ने विचार व्यक्त गरिएको छ । कार्य देख्दादेख्दै त्यसको कारण ईश्वर छैन भन्नुको कुनै तुक नरहेकाले कार्य भइसकेपछि त्यसको कारण ईश्वर छ भन्ने बलियो तर्क गर्दै ईश्वरको अस्तित्व छ भन्ने ईश्वरचिन्तन यसमा मुखरित भएको छ । ईश्वरको अस्तित्व छ भन्ने कुरालाई पुष्टि गर्न प्रस्तुत महाकाव्यमा यसका रचयिता देवकोटाले कथानकविन्यास, पात्रीय ढाँचा र परिवेशविन्यास पनि सोहीअनुरूप गरेका छन् । ईश्वर छ भन्ने कुराको पुष्टि गर्नका लागि यसमा सोहीअनुकूल घटना, पात्र र परिवेशको विन्यास गरिएको छ । यस महाकाव्यमा देवकोटाले भौतिक नाशवान् वस्तुभन्दा पर अभौतिक शाश्वत सत्य (ईश्वर) का पक्षमा आफ्नो मत प्रस्तुत गरेका छन् । त्यसैले *सुलोचना* ईश्वरचिन्तनको अभिव्यञ्जनाका दृष्टिले प्रभावशाली महाकाव्यात्मक कृति हो भन्ने तथ्य पुष्टि हुन्छ ।

### सन्दर्भ सामग्रीसूची

अधिकारी, अम्बिकाप्रसाद (२०५२), सुलोचनामा परिलाइएको समाज, *साझा समालोचना,* (चौथो संस्क.), कृष्णचन्द्रसिंह प्रधान (सम्पा.), काठमाडौँ : साझा प्रकाशन ।

उपाध्याय, बलदेव (सन् २०११), *भारतीय दर्शन,* पुनः मुद्रण, वाराणसी : शारदा मंदिर ।

कठोपनिषद् (२०८०), *ईशादि नौ उपनिषद् शाङ्करभाष्यार्थ,* तेइसौँ पुनः मुद्रण, गोरखपुर : गीताप्रेस ।

जोशी, कुमारबहादुर (२०४८), *देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना,* काठमाडौँ : सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद् ।

दास, वादरायण (सन् १९९७), *श्रीमद्भगवद्गीता यथारूप,* मुंबई : भक्तिवेदान्त बुक ट्रस्ट ।

देवकोटा, लक्ष्मीप्रसाद (२०७७), सुलोचना, (चौधौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।

पोद्दार, श्रीहनुमानप्रसादजी, गोस्वामी, चिम्मनलाल र शास्त्री, एम.ए. (२०८१), *उपनिषद्-अङ्क,* तेइसौँ वर्षको विशेषाङ्क. गोरखपुर : गीताप्रेस ।

उपाध्याय, जगत् प्रेक्षित (सम्पा.), (२०७९), *नेपाली दर्शन,* काठमाडौँ : नेपाल प्रज्ञा- प्रतिष्ठान ।

माण्डूक्योपनिषद् (२०८०), *ईशादि नौ उपनिषद् शाङ्करभाष्यार्थ,* तेइसौँ पुनः मुद्रण, गोरखपुर : गीताप्रेस ।

मुण्डकोपनिषद् (२०८०), *ईशादि नौ उपनिषद् शाङ्करभाष्यार्थ,* तेइसौँ पुनः मुद्रण, गोरखपुर : गीताप्रेस ।

रिसाल, राममणि (२०३९), *नेपाली काव्य र कवि,* (दोस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

लुइटेल, तिलकप्रसाद र दाहाल, रोशन (२०७९), *चार वेदको सार,* (दोस्रो संस्क.), काठमाडौँ : मञ्जरी पब्लिकेसन ।

शर्मा, नारायण (अनु.), (२०७०), *वेदान्तशास्त्रसिद्धान्तसारसङ्ग्रह,* काठमाडौँ : श्रीमुक्तिनाथ पब्लिसिटी फाउन्डेसन ।

शाही, निर्मला (२०५९), सुलोचना : एक दृष्टिकोण, *महाकवि लक्ष्मीप्रसाद देवकोटा,* भवानी घिमिरे (सम्पा.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शुक्ला, श्रद्धा (सन् १९९८), *श्रीविष्णु महापुराण,* भाग एक, दिल्ली : नाग प्रकाशन ।

श्वेताश्वेतरोपनिषद् (२०८०), *ईशादि नौ उपनिषद् शाङ्करभाष्यार्थ,* तेइसौँ पुनः मुद्रण, गोरखपुर : गीताप्रेस ।